जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०५ पृष्ठः ४ | २०८३ साउन २९ शुक्रबार (Friday 14 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेशमा मन्त्रिपरिषद् पुनर्गठन गरी ९ मन्त्रालय कायम गर्ने तयारी

### मधेश सरकारमा अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय छन्। अब घटाएर ९ वटा कायम गर्ने सरकारको तयारी छ।



जनकपुरधाम, २८ साउन। मधेश प्रदेश सरकारमा मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालय घटाउने तयारी भइरहेको छ। मधेश सरकारमा अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय छन्। अब घटाएर ९ वटा कायम गर्ने सरकारको तयारी छ। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का दुई र नेकपा एमालेका एक गरी तीन मन्त्रीलाई हटाउने गरी मन्त्रिपरिषद् पुनर्गठनको गृहकार्य भइरहेको स्रोत बतायो।

दुई दिनभित्रै सत्ता गठबन्धन दलका नेता बसेर मन्त्रिपरिषद् पुनर्गठन गर्ने र ९ वटा मन्त्रालय कायम गर्ने कामलाई मूर्तरूप दिने तयारी भइरहेको एक मन्त्रीले बताए। 'धेरै काम भइसकेको छ। अब ९ वटा मन्त्रालय कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन गर्न सत्ता गठबन्धन दलका नेताको बैठक बसेर सहमति गरी सरकार अगाडि बढ्छ। अबको २/३ दिनभित्रै सरकार पुनर्गठनको सम्भावना छ,' ती मन्त्रीले भने। मन्त्रालय ९ कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन भएमा नेकपाबाट दुई र नेकपा एमालेबाट एक मन्त्रीको पद जानेछ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको मधेश सरकारमा अहिले तीनवटै दललाई चार-चार वटा मन्त्रालय भागबण्डा गरिएको छ। कांग्रेससँग मुख्यमन्त्रीसहित चार मन्त्रालय छ। मुख्यमन्त्री बाहेक कांग्रेसको भागमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रहेका छन्।

नेकपा एमालेको भागमा पूर्वाधार

**-बाँकी तीन पेजमा**

## गरगहना लुट्न ज्यान मार्ने प्रयास गरेका फरार प्रतिवादी पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, २८ साउन। सिराहाको पश्चिमवर्ती कल्याणपुर नगरपालिका-४, मोहोरिया टोलकी स्थानीय महिला घाँस काट्न गएका वेला गरगहना लुट्न घाँटी रेटेर हत्या प्रयास गरेका फरार प्रतिवादी ५२औँ दिनमा पक्राउ परेका छन्। स्थानीय दिनेश गोइतकी श्रीमती करिब ४० वर्षीया चन्द्रकलादेवी यादव गत ५ असारको अपराह्न घाँस काटिरहेको अवस्थामा गहना लुट्न हत्या प्रयास गरेका पूर्वी धनुषाको कमला नगरपालिका- ४, सघारा स्थायी घर भई कल्याणपुर- ४ स्थित ससुराली बस्दै आएका करिब ३५ वर्षीय इसरुल कवारीलाई प्रहरीले बुधबार पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार घटनापछि फरार रहेका कवारीलाई खोजतलासको क्रममा धनगढीमाई नगरपालिका- ११ बाट पक्राउ गरिएको हो। घरमा पालेको वस्तुभाउका लागि खेतमा घाँस काटिरहेको अवस्थामा प्रतिवादीले पछाडिबाट घाँटी समातेर महिलाको हातमा रहेको हँसिया खोसेर करिब एक इन्च गहिरो र ६ इन्चजति लामो घाउ हुने गरी घाँटी रेटेर रक्ताम्य बनाएको उनले बताए।

प्रहरीका अनुसार गहिरो घाउको कारणले रक्ताम्य भएर ढलेपछि महिलाले लगाएको सुनको गहना लुटेर कवारी फरार भएका थिए। पक्राउ गरिएका प्रतिवादी कवारीलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## पत्रकार किशोर श्रेष्ठलाई अनुसन्धानका लागि तीन दिन हिरासतमा राख्न अनुमति



काठमाडौं, २८ साउन। पत्रकार किशोर श्रेष्ठलाई आनुसन्धनका लागि हिरासतमा राख्न तीन दिन म्याद थप गरिएको छ। बिहीबार जिल्ला अदालत, काठमाडौंले पत्रकार श्रेष्ठलाई हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो। न्यायाधीश उमेशप्रसाद लुइटेलको इजलासले हिरासतमा राख्न अनुमति दिएको जिल्ला अदालत काठमाडौंले जनाएको छ। प्रहरीले पत्रकार श्रेष्ठलाई बुधबार राति ललितपुरको कुसुन्तीस्थित निवासबाट पक्राउ गरेको थियो। उनलाई वैयक्तिक गोपनीयता हननसम्बन्धी कसूरमा पक्राउ गरिएको हो। उनीविरुद्ध काठमाडौं प्रहरी परिसरले अदालतबाट पक्राउ पूर्जी लिएको थियो। बिहीबार प्रहरीले म्याद थपका लागि जिल्ला अदालत, काठमाडौँमा उपस्थित गराएको थियो। श्रेष्ठ जनआस्था साप्ताहिक र जनआस्था डट्कमका सञ्चालक तथा सम्पादक हुन्। उनी प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष हुन्।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## ७४ करोडको क्षति, प्रश्न राज्यको

सिरहाको गोलबजारमा १४ साउनमा भएको हिंसात्मक प्रदर्शनले एउटा किशोरको ज्यान मात्र लिएन, स्थानीय समाजको शान्ति, सहअस्तित्व र आर्थिक आधारमाथि पनि गम्भीर प्रहार गरेको छ। आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीबाट ७४ करोड १३ लाख ९० हजार रुपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीको स्थलगत मुचुल्का र पीडितका निवेदनबाट देखिएको तथ्य सामान्य क्षतिको विवरण होइन। यो एउटा समुदायले भोगेको पीडा, व्यवसायीको जीवनभरको कमाइ र राज्यको कमजोर सुरक्षा व्यवस्थाको मूल्य हो।

प्रहरीका अनुसार गोलबजार क्षेत्रमा १८ वटा पसल तथा व्यवसाय, १५ वटा निजी घर, २८ वटा सवारीसाधन तथा धार्मिक र शैक्षिक स्थलसहित ६४ संरचनामा आगजनी र तोडफोड भएको छ। निजी घर तथा व्यापारिक संरचनातर्फ मात्रै ३४ करोड पाँच लाख ५९ हजार, पसल तथा व्यवसायमा ३३ करोड १७ लाख १२ हजार, सवारीसाधनमा दुई करोड चार लाख र धार्मिक तथा शैक्षिक स्थलमा पाँच करोड ८१ लाख ९० हजार रुपैयाँको क्षति पुगेको छ। यी अंकले हिंसाको भयावहता आफैं बोल्छन्।

तर यतिबेला सबैभन्दा महत्वपूर्ण प्रश्न क्षतिको रकम कति भयो भन्ने मात्र होइन, यस्तो अवस्था किन आयो भन्ने हो। एउटा घटनाको विरोधमा सुरु भएको प्रदर्शन कसरी घर, पसल, व्यवसाय, धार्मिक तथा शैक्षिक संस्थामाथि लक्षित आक्रमणमा परिणत भयो? राज्यका सुरक्षा संयन्त्रले हिंसा फैलिनुअघि सम्भावित जोखिम किन पहिचान गर्न सकेनन्? र, यदि जोखिम पहिचान गरिएको थियो भने नागरिकको सम्पत्ति र जीवन जोगाउन प्रभावकारी कदम किन चालिएन?

कुनै पनि आन्दोलन नागरिकको अधिकार हो। असन्तुष्टि व्यक्त गर्ने, न्याय माग्ने र सरकारलाई जवाफदेही बनाउने अधिकार लोकतन्त्रको आधार हो। तर आन्दोलनको नाममा निर्दोष नागरिकको घर जलाउने, पसल तोड्ने, सवारीसाधन ध्वस्त पार्ने वा धार्मिक तथा शैक्षिक संरचनामाथि आक्रमण गर्ने छुट कसैलाई हुँदैन। आक्रोशको निशाना अपराधमा संलग्न व्यक्ति वा सम्बन्धित निकाय हुनुपर्छ, निर्दोष नागरिक होइनन्। विशेषतः सामुदायिक संवेदनशीलता जोडिएको अवस्थामा राज्यको भूमिका अझ जिम्मेवार हुनुपर्छ। एउटा घटनाको आक्रोश अर्को समुदायमाथि पोखिन थाल्यो भने त्यसले न्याय होइन, प्रतिशोध जन्माउँछ। प्रतिशोधले फेरि अर्को हिंसा निम्त्याउँछ यही चक्रले समाजलाई दीर्घकालीन विभाजनतर्फ धकेल्न सक्छ।

अब राज्यको प्राथमिकता पीडितको सुरक्षा र पुनर्स्थापना हुनुपर्छ। क्षतिको यथार्थ मूल्यांकन गरी पीडित परिवार तथा व्यवसायीलाई राहत र पुनर्निर्माणमा सहयोग पुऱ्याउनुपर्छ। तर राहतसँगै कानुनी न्याय पनि उत्तिकै आवश्यक छ। आगजनी, तोडफोड, लुटपाट र हिंसामा संलग्न व्यक्तिको पहिचान गरी निष्पक्ष अनुसन्धान र कानुनी कारबाही हुनुपर्छ। दोषीको राजनीतिक, सामाजिक वा सामुदायिक पहिचान हेरेर राज्यले व्यवहार गर्नु हुँदैन।

अर्कोतर्फ, राजनीतिक दल, सामाजिक अगुवा, धार्मिक नेतृत्व र स्थानीय जनप्रतिनिधिले पनि आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन। उत्तेजना फैलाउने भाषणभन्दा संवादको वातावरण निर्माण गर्ने प्रयास आवश्यक छ। सामाजिक सञ्जालमा फैलिने अफवाह र उत्तेजक सामग्री नियन्त्रणका लागि पनि सम्बन्धित निकाय सचेत हुनुपर्छ। गोलबजारको ७४ करोडको क्षति केवल पैसामा मापन हुने क्षति होइन। जलेका घरसँगै परिवारको सुरक्षा भावना जलेको छ, ध्वस्त भएका पसलसँगै वर्षौंको मेहनत भत्किएको छ र क्षतिग्रस्त संरचनासँगै सामाजिक विश्वासमा पनि दरार परेको छ। त्यसैले अबको चुनौती भौतिक संरचना पुनर्निर्माण मात्र होइन, नागरिकबीचको विश्वास पुनर्निर्माण गर्नु हो।

१४ साउनको घटना इतिहासमा अर्को हिंसात्मक दिनका रूपमा मात्र दर्ज नहोस्। यसले राज्य, राजनीतिक नेतृत्व र समाजलाई एउटा कठोर पाठ सिकाओस् न्यायको माग हिंसाबाट होइन, विधिको शासनबाट पूरा हुन्छ। नागरिकको ज्यान र सम्पत्ति जोगाउन असफल राज्यले लोकतन्त्रको वास्तविक परीक्षा उत्तीर्ण गर्न सक्दैन। अब गोलबजारलाई क्षतिपूर्तिभन्दा बढी न्याय, प्रतिशोधभन्दा बढी शान्ति र आरोपभन्दा बढी जिम्मेवारी चाहिएको छ।

# आन्तरिक नियन्त्रण प्रणालीको कसीमा स्थानीय तह



रामबाबु अधिकारी

संघीयता कार्यान्वयनसँगै नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको ठूलो हिस्सा स्थानीय तहमा पुगेको छ। गाउँपालिका र नगरपालिकाले कर उठाउँछन्, बजेट बनाउँछन्, विकास आयोजना सञ्चालन गर्छन्, कर्मचारी व्यवस्थापन गर्छन् र नागरिकलाई प्रत्यक्ष सेवा दिन्छन्। यससँगै सार्वजनिक स्रोतको ठूलो हिस्सा पनि स्थानीय तहबाट परिचालन भइरहेको छ। त्यसैले स्थानीय तहको वित्तीय अनुशासन अब लेखा शाखाको मात्र चासोको विषय रहेन। यो स्थानीय शासनको गुणस्तर, सार्वजनिक स्रोतको संरक्षण, विकास खर्चको प्रभावकारिता र नागरिकको सरकारप्रतिको विश्वाससँग प्रत्यक्ष जोडिएको विषय भएको छ।

महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदनले स्थानीय तहको वित्तीय व्यवस्थापनको एउटा महत्वपूर्ण तस्बिर प्रस्तुत गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा ७२१ स्थानीय तहको रु. ११ खर्ब ९ अर्ब ५२ करोड ३८ लाख बराबरको कारोबारको लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणका क्रममा सुरुमा रु. २१ अर्ब ४७ करोड ५० लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनपछि रु. २ अर्ब ४२ करोड ७३ लाख फछ्र्योट भएको र रु. १९ अर्ब ४ करोड ७७ लाख बेरुजु कायम भएको छ। लेखापरीक्षण रकमको तुलनामा बेरुजुको औसत दर १.७२ प्रतिशत रहेको छ।

तर स्थानीय तहको वित्तीय अनुशासनको मूल्यांकन भने बेरुजुको प्रतिशतबाट गर्नु पर्याप्त हुँदैन। वास्तविक प्रश्न हो—एउटै प्रकृतिका वित्तीय कमजोरी हरेक वर्ष किन दोहोरिइरहेका छन्? बेरुजु कति भयो भन्ने प्रश्नसँगै बेरुजु किन भयो, नियन्त्रणको कुन तहमा कमजोरी भयो र फेरि त्यही प्रकृतिको बेरुजु नदोहोरिने व्यवस्था गर्न के गरियो? भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

बजेट निर्माण, योजना छनोट, खरिद योजना, लागत अनुमान, सम्झौता, कार्यसम्पादन, भुक्तानी, लेखांकन, आन्तरिक लेखापरीक्षण र अनुगमनका विभिन्न चरणमध्ये कुनै एउटा नियन्त्रण कमजोर भयो भने त्यसको परिणाम अन्ततः बेरुजुका रूपमा देखिन सक्छ। त्यसैले महालेखापरीक्षकको प्रतिवेदनलाई बेरुजु देखाउने दस्तावेजका रूपमा मात्र नभएर स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणालीको स्वास्थ्य परीक्षणका रूपमा हेर्नुपर्ने हुन्छ।

स्थानीय तहमा वित्तीय व्यवस्थापनको अनुगमन तथा स्थलगत भ्रमणका क्रममा देखिएका व्यावहारिक अवस्थाले पनि यही तथ्यलाई पुष्टि गर्छन्। धेरै ठाउँमा समस्या नियम नजानेर मात्र भएको देखिँदैन। सम्बन्धित कर्मचारीलाई प्रक्रिया थाहा हुन्छ, आवश्यक कागजातबारे जानकारी हुन्छ र कानुनी व्यवस्था पनि बुझेका हुन्छन्। तर सीमित जनशक्ति, समयको दबाब, शाखाबीचको कमजोर समन्वय र व्यवस्थापकीय प्राथमिकताका कारण नियन्त्रणका चरणहरू व्यवहारमा कमजोर हुने गरेको देखिन्छ। कागजमा प्रणाली हुन्छ तर प्रणालीअनुसार नियमितरूपमा काम गर्ने संस्थागत संस्कार अझै पर्याप्त बलियो बन्न सकेको छैन।

कुनै पनि भुक्तानी हुनुअघि कागजात जाँच गर्नु, सम्झौताअनुसार काम भएको सुनिश्चित गर्नु, पेस्कीको नियमित अनुगमन गर्नु, बैंकको हिसाब मिलान गर्नु, जिन्सी अभिलेख अद्यावधिक गर्नु र आन्तरिक लेखापरीक्षणका सुझाव कार्यान्वयन गर्नु सामान्य प्रशासनिक कामजस्तो देखिए पनि वास्तवमा यिनै अभ्यास आन्तरिक नियन्त्रणका आधार हुन्। बजेट कार्यान्वयनमा पनि यस्तै समस्या देखिन्छ कतिपय स्थानीय तहमा बजेट तथा कार्यक्रम राम्रोसँग तयार गरिएको त हुन्छ तर आर्थिक वर्ष सुरु भएपछि त्यसको कार्यान्वयनका लागि आवश्यक खरिद योजना, प्राविधिक तयारी, लागत अनुमान, डिजाइन, सम्झौता तथा अन्य पूर्वतयारी समयमै पूरा हुँदैनन्। त्यसपछि आर्थिक वर्षको अन्तिम चरणमा खर्च बढाउन दबाब सिर्जना हुन्छ। फलतः समय कम हुन्छ, निर्णय छिटो गर्नुपर्ने हुन्छ र अनुगमनको समय घट्छ। यसरी वर्षको अन्तिम समयमा खर्च गर्ने प्रवृत्तिले वित्तीयमात्र नभएर कार्यसम्पादन जोखिम पनि बढाउँछ।

महालेखापरीक्षकको ६३औँ प्रतिवेदनअनुसार २१९ स्थानीय तहले रु. ७ अर्ब ५६ करोड ७४ लाख ८१ हजार अबण्डा बजेट राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा बजेट राख्ने प्रवृत्तिले बजेट निर्माणको प्राथमिकता, पारदर्शिता र पूर्वानुमानयोग्यतामाथि प्रश्न उठाउँछ। आन्तरिक लेखापरीक्षण स्थानीय तहको वित्तीय नियन्त्रणको अर्को महत्वपूर्ण कडी हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ ले स्थानीय तहको आय र व्ययको आन्तरिक लेखापरीक्षणको व्यवस्था गरेको छ। तर ६३औँ प्रतिवेदनअनुसार २६८ स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। अघिल्लो वर्ष ३२७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएको अवस्थामा केही सुधार देखिए पनि २६८ स्थानीय तहमा अझै यस्तो अवस्था रहनु चिन्ताको विषय हो।

फिल्डमा पनि आन्तरिक लेखापरीक्षणलाई जोखिम नियन्त्रण गर्ने सक्रिय व्यवस्थापन उपकरणभन्दा वर्षको अन्त्यमा पूरा गर्नुपर्ने औपचारिक प्रक्रियाका रूपमा बुझ्ने प्रवृत्ति देखिन्छ। वास्तवमा आन्तरिक लेखापरीक्षणको शक्ति यसको समयमै गरिने परीक्षणमा हुन्छ। खरिद सम्झौता हुनुअघि जोखिम देखाउन सकिन्छ। ठूलो भुक्तानी हुनुअघि कागजात परीक्षण गर्न सकिन्छ। लामो समयसम्म बाँकी रहेको पेस्कीको निगरानी गर्न सकिन्छ। बैंक हिसाब र लेखाबीचको फरक समयमै पत्ता लगाउन सकिन्छ। जिन्सी तथा सम्पत्तिको अभिलेख परीक्षण गर्न सकिन्छ। महालेखापरीक्षकको कार्यालयले औँल्याएपछि सुधार गर्नुभन्दा कमजोरी महालेखासम्म पुग्नुअघि नै सुधार गर्नु राम्रो वित्तीय व्यवस्थापन हो।

स्थानीय तहको अनुगमनका क्रममा देखिने अर्को व्यावहारिक चुनौती अभिलेख व्यवस्थापन हो। कागजात नै नभएको अवस्थामात्र समस्या हुने नभएर कतिपय अवस्थामा कागजात हुन्छन् तर एउटै कारोबारसँग सम्बन्धित कागजात विभिन्न शाखा वा फाइलमा छुट्टाछुट्टै रहेका हुन्छन्। सम्झौता एउटा फाइलमा, कार्यसम्पादनसम्बन्धी विवरण प्राविधिक शाखामा, भुक्तानीसम्बन्धी प्रमाण लेखा शाखामा र अनुगमनको विवरण अर्को ठाउँमा रहने अवस्था देखिन्छ। यसले कारोबारको सुरुदेखि अन्त्यसम्मको पूर्ण तस्वीर हेर्न कठिन बनाउँछ।

डिजिटल प्रणालीको वास्तविक उद्देश्य पनि यही समस्यालाई समाधान गर्नु हो। तर सफ्टवेयरमा कारोबार प्रविष्ट गर्नुमात्र डिजिटल वित्तीय व्यवस्थापन होइन। बजेट, खरिद, सम्झौता, भुक्तानी, पेस्की, जिन्सी, बैंक मिलान र प्रतिवेदनबीचको सम्बन्ध स्पष्ट देखिनुपर्छ। सूचना प्रविधिले कागजी प्रक्रियालाई मात्र डिजिटल बनाउने होइन नियन्त्रण प्रणालीलाई पनि बलियो बनाउनुपर्छ।

पेस्की व्यवस्थापन पनि स्थानीय तहको वित्तीय अनुशासनसँग जोडिएको महत्वपूर्ण विषय हो। व्यवहारमा कतिपय अवस्थामा पेस्की दिँदा त्यसको फछ्र्योट कहिलेसम्म गर्ने र कसले अनुगमन गर्ने भन्ने विषयमा पर्याप्त निगरानी हुँदैन। आर्थिक वर्षको अन्त्यमा मात्र पेस्की खोज्ने प्रवृत्तिले समस्या थप जटिल बनाउँछ। पेस्की भनेको खर्च भइसकेको रकम नभएर जिम्मेवार व्यक्तिको जिम्मामा रहेको सार्वजनिक स्रोत हो। त्यसैले पेस्की दिएको दिनदेखि नै त्यसको निगरानी सुरु हुनुपर्छ।

महालेखापरीक्षकको कार्यमूलक लेखापरीक्षणले स्थानीय राजस्व प्रशासनमा अझै धेरै सुधार आवश्यक रहेको देखाएको छ। अधिकांश स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट राजस्व संकलन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन नगरेको, धेरै स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको, अनुमानअनुसार राजस्व उठ्न नसकेको र बक्यौता राजस्व असुली कमजोर रहेको प्रतिवेदनमा उल्लेख छ।

स्थानीय तहभित्र कति व्यवसाय छन्, कर लाग्ने सम्पत्तिको वास्तविक विवरण कति अद्यावधिक छ, घरबहाल करको सम्भावित आधार कति छ, अघिल्लो वर्षको बक्यौता कति छ र कति छुट दिइएको छ भन्ने विषयमा नियमित र तथ्यमा आधारित समीक्षा आवश्यक देखिन्छ। स्थानीय तहको राजस्व सुधारको पहिलो उपाय करको दर बढाउनु होइन। करको वास्तविक आधार पहिचान गर्नु, अभिलेख अद्यावधिक गर्नु, बक्यौता असुल गर्नु र कर संकलन प्रणालीलाई पारदर्शी बनाउनु प्राथमिक आवश्यकता हो।

स्थानीय विकासमा उपभोक्ता समितिको भूमिका पनि वित्तीय अनुशासनसँग जोडिएको छ। उपभोक्ता समिति समुदायको सहभागिता, स्वामित्व र स्थानीय स्रोत परिचालनका लागि महत्त्वपूर्ण माध्यम हो। तर यसको प्रयोगमा स्पष्ट सीमा आवश्यक छ। महालेखाको ६३औँ प्रतिवेदनअनुसार १४३ स्थानीय तहले १,०१४ योजनामा उपभोक्ता समितिले गर्नुपर्ने काम निर्माण व्यवसायीमार्फत गराई रु. ७१ करोडभन्दा बढी भुक्तानी गरेका छन्। त्यस्तै, २६५ स्थानीय तहले प्राविधिक पक्ष समावेश भएका १,६३६ निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रु. २ अर्ब ६९ करोडभन्दा बढी खर्च गरेका छन्।

फिल्ड भ्रमणमा पनि उपभोक्ता समितिको क्षमता, प्राविधिक जटिलता र वास्तविक कार्यसम्पादनबीचको सम्बन्धलाई अझ गम्भीरतापूर्वक हेर्नुपर्ने आवश्यकता देखिन्छ। उपभोक्ता समितिको नाममा सम्झौता गर्ने र वास्तविक काम निर्माण व्यवसायीबाट काम गराउने हो भने त्यसको औचित्य कमजोर हुन्छ। उपभोक्ता समिति समुदायको सहभागिता र स्वामित्वका लागि हो खरिद प्रक्रियालाई छल्ने माध्यमका रूपमा होइन।

स्थानीय तहमा खर्च अनुशासनको विषयमा पनि महालेखाको प्रतिवेदनले महत्त्वपूर्ण प्रश्न उठाएको छ। २४६ स्थानीय तहले कर्मचारी प्रोत्साहन भत्तामा रु. ९१ करोड १३ लाखभन्दा बढी खर्च गरेका छन्। यस्तो भुक्तानी स्पष्ट मापदण्ड र कार्यसम्पादनका आधारमा हुनुपर्ने महालेखाको सुझाव छ। स्थानीय तहको वित्तीय अनुशासन भनेको पैसा खर्च नगर्नु होइन। विकास नगर्नु त भन् होइन। निर्णय गर्न कर्मचारी र पदाधिकारीलाई डराउनु पनि होइन। वित्तीय अनुशासन भनेको सार्वजनिक स्रोतलाई कानुनसम्मत, मितव्ययी, पारदर्शी र परिणाममुखी ढंगले परिचालन गर्ने संस्थागत क्षमता हो।

महालेखापरीक्षकको ६३औँ प्रतिवेदनका तथ्य र स्थानीय तहमा देखिएका व्यवहारिक अवस्थाले एउटै सन्देश दिन्छ—हाम्रो चुनौती स्रोतको मात्र नभएर प्रणालीको पनि हो। स्थानीय तहलाई थप स्रोत दिनुपर्छ, थप अधिकार पनि दिनुपर्छ। तर त्यससँगै थप जवाफदेही, बलियो आन्तरिक

–बाँकी तीन पेजमा

## आन्तरिक नियन्त्रण...

नियन्त्रण र परिणामप्रतिको जिम्मेवारी पनि सुनिश्चित गर्नुपर्छ। संघीयताको सफलता स्थानीय तहले कति बजेट खर्च गरे भन्नेमा मात्र मापन हुँदैन। त्यो बजेटबाट नागरिकले कति गुणस्तरीय सेवा पाए, विकासका काम कति दिगो भए र सार्वजनिक स्रोतको उपयोग कति पारदर्शी र जिम्मेवार भयो भन्नेबाट मापन हुन्छ।

त्यसैले अब स्थानीय तहको वित्तीय सुधारको बहस “बेरुजु कति?” बाट “आन्तरिक नियन्त्रण प्रणाली कति बलियो?” र “खर्चबाट परिणाम कति आयो?” भन्नेतर्फ सार्ने समय आएको छ। बाह्रखरीबाट

## मधेशमा मन्त्रिपरिषद् ...

विकास मन्त्रालय, समाज कल्याण तथा खेलकुद मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय र श्रम तथा संस्कृति मन्त्रालय रहेका छन्। यस्तै नेकपाको भागमा अर्थ, ऊर्जा सिंचाइ तथा खानेपानी, उद्योग, वाणिज्य तथा पर्यटन र गृह, सञ्चार तथा कानुन मन्त्रालय छन्।अब कांग्रेसको भागमा मुख्यमन्त्रीसहित चार, नेकपा एमालेको तीन र नेकपाको दुई मन्त्रालय भागमा पर्ने एक नेताले बताए।

मन्त्रालयको संख्या घटाउन अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीसमक्ष ९ मन्त्रालय राख्न सिफारिससहितको सुझाव पेस गरेको थियो। सुझावअनुसार अब ६ वटा मन्त्रालय गृह, सञ्चार तथा कानुन मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, समाज कल्याण तथा खेलकुद मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालय मर्ज गरेर तीन वटा बनाउने गृहकार्य भइरहेको छ।

पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरू सम्मिलित कार्यदल गठन गरिएको थियो। कार्यदलको काम अन्तिम चरणमा रहेको र अबको केही दिनमै सरकारलाई प्रतिवेदन बुझाउने उनले बताए। यद्यपि, यो प्रतिवेदन आउनुअघि पनि मन्त्रिपरिषद् ९ वटा मन्त्रालय कायम गर्ने गरी पुनर्गठन गर्न बाधा नपर्ने मन्त्री पटेलको भनाइ छ।

केन्द्रमा कांग्रेस र नेकपा एमालेको गठबन्धन भत्किए पनि त्यसको असर मधेशमा भने परेको छैन। एमाले र नेकपाको समीकरणअनुसार पनि यो प्रदेशमा सरकार बनाउन आवश्यक संख्या ५४ पुग्दैन। त्यस कारण यी दुई दल तत्काललाई मधेशमा कांग्रेस नेतृत्वकै सरकारलाई यथावत राख्ने गरी अगाडि बढिरहेका छन्। मन्त्रालय ९ कायम हुँदा फिर्ता बोलाइने मन्त्री वा सरकारमा नयाँ अनुहार कसलाई पठाउने विषयमा पनि एमाले र नेकपामा आन्तरिक गृहकार्य भइरहेको छ।

# वक्तव्यमा नरम, मन्तव्यमा गरम

**केशव सावद**

काठमाडौं, २८ साउन। नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाको स्वदेश फिर्तीसँगै काठमाडौंमा देखिएको राजनीतिक दृश्य र त्यसपछि उनले दिएका अभिव्यक्तिले कांग्रेसभित्रको शक्ति समीकरणबारे नयाँ बहस जन्माएको छ। स्वास्थ्य उपचारका लागि १३ फागुन २०८२ मा सिंगापुर गएका देउवा हङकङबाट थाई एयरको उडानमार्फत बिहीबार मध्यान्ह करिब साढे १२ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरे।

उनको स्वागतका लागि कांग्रेसका नेता–कार्यकर्तासँगै समर्थकहरूको भीड विमानस्थलमा जम्मा भएको थियो। देउवालाई विमानस्थलबाट चुनदेवीस्थित संस्थापन इतर समूहको सम्पर्क कार्यालयतर्फ अगाडि बढाउन सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको थियो। जेनजी आन्दोलनका क्रममा भएको सांघातिक आक्रमणमा परी घाइते भएका देउवा १३ फागुनको राति सिंगापुर एयरलाइन्सको उडानबाट उपचारका लागि सिंगापुर गएका थिए। ७ चैत २०८२ मा थप उपचारका लागि उनी सिंगापुरबाट हङकङ पुगेका थिए।

हङकङबाट सुरुमा २६ साउन राति ९:४५ बजे स्वदेश फर्किने कार्यक्रम तय भएको बताइएको थियो। कांग्रेसको संस्थापन इतर समूहका नेताहरूले देउवा २६ साउनमा फर्किने जानकारी सञ्चारमाध्यमलाई दिएका थिए। तर, उनको स्वागतका लागि ठूलो संख्यामा नेता–कार्यकर्ता विमानस्थलमा उपस्थित हुन सक्ने गरी आगमनको समय परिवर्तन गरिएको थियो। स्वदेश फर्किएपछि देउवाको सचिवालयले सार्वजनिक गरेको वक्तव्य भने उनको स्वागतमा देखिएको राजनीतिक उत्साहभन्दा बिल्कुलै फरक शैलीको थियो। लामो समयपछि स्वदेश फर्किएका देउवाले वक्तव्यमा आफूलाई कुनै उत्तेजना वा आक्रामकताको भाषामा प्रस्तुत गरेनन्।

बरु, उनले आफूलाई शक्ति र पदको आकांक्षी नेताभन्दा राष्ट्रको नागरिकका रूपमा प्रस्तुत गरे। ‘म नेता बनेर होइन, यस महान राष्ट्रको आजीवन नागरिक बनेर फर्किएको



छु– विनम्रता, समर्पण र प्रेमका साथ सेवा गर्न तत्पर,’ देउवाले वक्तव्यमार्फत भनेका छन्। देउवाले आफू शक्ति प्राप्तिका लागि नभई राष्ट्रिय एकता सुदृढ गर्न स्वदेश फर्किएको सन्देश पनि दिए। सरकारलाई जनताको परिवर्तनको आकांक्षा सम्बोधन गर्न आग्रह गर्दै उनले राजनीतिक आग्रह–पूर्वाग्रहबाट टाढा रहनसमेत सुझाव दिए। ‘जनतामा अहिले परिवर्तनको ठूलो आकांक्षा देखिएको छ। त्यसलाई सम्बोधन गर्नुपर्ने वर्तमान सरकारको दायित्व हो,’ उनले भनेका थिए, ‘आफ्नो दायित्व भुलेर राजनीतिक आग्रह–पूर्वाग्रह साँध्ने हो भने त्यो सत्तारुढ दल र मुलुककै लागि हितकर हुँदैन।’

परिवर्तन व्यवस्थापनको प्रक्रियामा सहयोग गर्न तयार रहेको उल्लेख गर्दै देउवाले आफूहरू अन्धाधुन्ध नदौडिने, विवेक, पारदर्शिता र न्यायका आधारमा रूपान्तरण अघि बढाउने बताएका थिए। वक्तव्यमा देउवा संयमित थिए। शब्दमा नरम थिए। राजनीतिक प्रतिशोध वा टकरावको संकेतभन्दा सहकार्य, राष्ट्रिय एकता र लोकतान्त्रिक प्रक्रियालाई प्राथमिकता दिएको देखिन्थ्यो। तर, यही शालीनता धेरैबेर टिकेन। स्वदेश फर्किएपछि चुनदेवीस्थित आफ्नो समूहको सम्पर्क कार्यालयबाट दिएको मन्तव्यमा देउवा आक्रामक सुनिए। विमानस्थलबाट सार्वजनिक गरिएको वक्तव्यमा देखिएको संयम चुनदेवी पुग्दा आक्रोश र चुनौतीपूर्ण अभिव्यक्तिमा बदलियो।

कांग्रेसको संस्थापन पक्षीय नेताहरूले देउवा सरकारसँग ‘सेटिङ’ मिलाएर स्वदेश फर्किएको आरोप लगाइरहेका बेला उनले बालेन्द्र शाह नेतृत्वको सरकारप्रति तीव्र आक्रोश व्यक्त गरे। ‘मलाई अन्तर्राष्ट्रिय क्रिमिनल कोर्टमा समेत मुद्दा हाले। त्यसपछि कोर्टले कुनै पनि हालतमा हामी शेरबहादुरलाई पक्राउ गर्दैनौं, पक्रेर कामै छैन। उसको वाइफ र उसलाई पक्राउ गर्दैनौं भन्यो,’ देउवाले भने। आफू र पत्नी डा. आरजु राणा देउवामाथि मुद्दा चलाउने र पक्राउ गर्ने प्रयास भएको प्रसंग निकाल्दै देउवाले गम्भीर आरोप लगाए। ‘यहीं पनि मुद्दा हाल्यो। फटाहा छन् यहाँ,’ उनले भने।

अदालतले आफू र आरजुलाई पक्राउ नगर्न आदेश दिए पनि त्यसको उल्लंघन गर्दै ‘बदमासी’ गरिएको देउवाको आरोप थियो। ‘अदालतले शेरबहादुर र आरजुलाई नपक्रिनु भनेर आदेश दियो। तैपनि बदमासी गर्‍यो,’ उनले भने। पूर्वप्रधानमन्त्री देउवाले सम्पत्ति शुद्धीकरणको विषय पनि उठाए। पटक–पटक अनुसन्धान भएपनि आफूविरुद्ध केही नदेखिएको दाबी गर्दै उनले छानबिनमा संलग्न अधिकारीमाथि राजनीतिक प्रतिशोध साधिएको संकेत गरे। ‘एकपल्ट सम्पत्ति शुद्धीकरण आयो, केही पनि छैन भन्यो। दोस्रोपल्ट आयो, केही छैन भन्यो। उसलाई निकालिदियो,’ देउवाले भने, ‘यतिसम्म बदमासी काम गरेको छ।’

देउवाको आक्रोश यतिमै रोकिएन। सरकारप्रति लक्षित गर्दै उनले आफूहरूले ‘देखाएर छाड्ने’ चेतावनीसमेत दिए। ‘तर, म बढ्ता कुरा गर्नेवाला छैन। यो देशको जनता छ, यो देशको अदालत छ। सबले जानेको छ। बुझेको छ,’ देउवाले भने, ‘यिनीहरूलाई भोलिदेखि हामीले देखाएर छोड्छौं। प्रजातन्त्र कसैले खोस्न सक्दैन।’ देउवाले आफूलाई तत्कालीन राजा ज्ञानेन्द्र शाहले समेत नसकेको प्रसंग जोड्दै अहिलेका शक्तिहरूले पनि आफूलाई रोक्न नसक्ने दाबी गरे। उनले भने,’ राजा ज्ञानेन्द्रले त सकेन, अरूले सक्छ यहाँ ?’ देउवाको स्वदेश फिर्तीका क्रममा सार्वजनिक भएका दुई अभिव्यक्तिमा स्पष्ट अन्तर देखिएको छ। यही अन्तरले देउवाको आगामी राजनीतिक भूमिकाबारे चासो बढाएको छ।

पूर्वसभापति देउवा झण्डै एक वर्षदेखि पार्टीको सक्रिय नेतृत्वबाट बाहिर छन्। जेनजी आन्दोलनका क्रममा २४ भदौ २०८२ मा बूढानीलकण्ठस्थित निवासमा सांघातिक आक्रमणमा परेसँगै उनी सक्रिय नेतृत्वबाट बाहिरिएका हुन्। आक्रमणको ३६ औं दिन ३० असोज २०८२ मा उनी सानेपामा सार्वजनिक भएका थिए। जेनजी आन्दोलनपछि बोलाइएको केन्द्रीय कार्यसमिति बैठकलाई देउवाले सभापतिको हैसियतमा सम्बोधन गरेका थिए। बैठकबाट उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहकको जिम्मेवारी सुम्पिएर उनी १० कात्तिक २०८२ को राति उपचारका लागि सिंगापुर उडेका थिए। पत्नी डा. आरजु राणा देउवासहित सिंगापुर गएका उनी २८ कात्तिक २०८२ मा स्वदेश फर्किएका थिए। उनी स्वदेश फर्किँदासम्म तत्कालीन संस्थापन र विशेष महाधिवेशन पक्षधरबीच पार्टीको १५ औं महाधिवेशनको विषयलाई लिएर रस्साकस्सी चलिरहेको थियो। अन्ततः पुस अन्तिम साता विशेष महाधिवेशन सम्पन्न भयो। देउवा पक्षले विशेष महाधिवेशनमा भाग लिएन। विशेष महाधिवेशनले गगनकुमार थापाको सभापतित्वमा केन्द्रीय कार्यसमिति चयन गरेसँगै देउवाको पद गयो। अहिले उनी पार्टीको सभापति पदमा उनी छैनन्। पार्टीमा संस्थापन र इतर समूहबीचको विवाद लामो समयदेखि कायमै छ। पछिल्लो समय सर्वोच्च अदालतले कांग्रेसको आधिकारिकता विवादको सुरुवाट सुनुवाइ गर्ने अनुमति दिएपछि दुई समूहको विवाद झनै चर्किएको छ।

तर, संस्थापन इतर पक्षीय नेताहरू पूर्वसभापति देउवाको स्वदेश फिर्तीले पार्टीभित्रको मतभेद अन्त्य हुने बताउँछन्। इतर समूहको प्रचार–प्रसार समितिका संयोजक मीन विश्वकर्माले पार्टी अभिभावकबिहीन हुँदा बढेको मतान्तर अन्त्य हुने बताए। ‘अभिभावकबिहीन भएर हाम्रो बीचमा मत–मतान्तर थियो। विचलन देखिएको थियो। अभिभावक आउनुभएको छ,’ उनले भने, ‘पार्टीभित्रको मतभेद निवारण गरेर एकता हुन्छ। नेपाली राजनीतिमा समन्वयकारी नेतृत्वको अभाव थियो, उहाँ आउने बित्तिकै अब समन्वयकारी नेतृत्व पनि प्राप्त गर्छ।’ राजनीतिक विश्लेषक सौगात गौतमले पूर्वसभापति देउवाको स्वदेश फिर्तीसँगै राजनीतिक विरासतको असली परीक्षाको बेला आएको बताए। देउवाले वक्तव्यमा उल्लेख गरेको ‘परिवर्तनलाई आत्मसात् गर्ने र युवा अगाडि आउनुपर्ने’ स्वागतयोग्य भएको पनि बताए।

‘त्यो कुरालाई अब उहाँ (देउवा) ले पार्टीमा देखिएको मनमुटाव हटाउन अभिभावकको भूमिकामार्फत व्यवहारमा देखाउनुपर्छ,’ विश्लेषक गौतमले भने। राजनीतिक विवादको समाधान अदालतबाट नभई राजनीतिक नेतृत्व र राजनीतिक संवादबाटै खोजिनुपर्ने गौतमको धारणा छ। अनलाइनखबरबाट

# मनसुनमा पनि मधेशमा चर्को गर्मी

बर्दीबास, २८ साउन। मधेश प्रदेशका जिल्लामा चर्को घाम र बढ्दो गर्मीले जनजीवन नराम्ररी प्रभावित भएको छ। आकाशमा बादल लाग्ने र झम झम वर्षा हुने समय भए पनि पछिल्ला दिनमा खुला आकाश, चर्को घाम र सुक्खा मौसमका कारण आमसर्वसाधारणदेखि किसान, विद्यार्थी र स्वास्थ्य क्षेत्रसम्म प्रभावित भएका छन्।

बर्दीबास समाचारदाता रवीन्द्र उप्रेतीका अनुसार बुधबार महोत्तरीको बर्दीबासमा बिहान ११:४४ बजेको तापक्रम ३६ डिग्री सेल्सियस मापन भए पनि मोबाइलको ‘वेदर एप’ ले अनुभूति हुने तापक्रम ४७ डिग्री सेल्सियस देखाएको थियो। हावाको गति प्रतिघण्टा छ माइल रहेको थियो। अत्यधिक गर्मीका कारण पंखामुनि बस्दासमेत शरीरमा चिसो महसुस नहुने र लगातार पसिना आउने अवस्थाले हैरान पारेको छ।

मनसुनको समयमा पर्याप्त वर्षा नहुनु र अर्कोतर्फ तापक्रम निरन्तर बढ्नुले महोतरीको कृषि, स्वास्थ्य र शिक्षाक्षेत्रमा एकैसाथ चुनौती थपिएको छ। समयमै वर्षा नभए धान उत्पादनमा असर पर्न सक्ने र गर्मी अझै लम्बिए जनजीवन थप प्रभावित हुने जनाइएको छ। मौसमको प्रतिकूल अवस्था र बढ्दो तापक्रमले कृषि, स्वास्थ्य, शिक्षालगायत जनजीवनका विभिन्न क्षेत्रमा असर परेको छ। पर्याप्त वर्षा नहुँदा किसान महँगो बोरिङको पानी प्रयोग गरेर धान रोप्न बाध्य भएका छन्। कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार जिल्लामा हालसम्म करिब ७६ प्रतिशत मात्र धान रोपाइँ भएको छ।

केन्द्रका प्रमुख देवानन्द रायका अनुसार अहिले धान खेतमा कम्तीमा चार इन्च पानी हुनुपर्ने भए पनि साउन अन्तिमतिर आइपुग्दासमेत खेतमा पर्याप्त पानी छैन। “खेतमा पानी नहुँदा रोपो गाँजिन सकेको छैन। पानी नभएकै कारण किसानले गोडमेल र खाद हाल्न पनि सकेका छैनन,” रायले भन्नुभयो, “खेतमा झार बढ्दै गएकाले ‘सिथ ब्लाइट’ जस्ता रोगको जोखिमसमेत बढेको छ।” बढ्दो तापक्रमले जनस्वास्थ्यमा समेत असर पार्न सक्ने चिकित्सको भनाइ छ।

सर्लाही समाचारदाता जनार्जन खत्रीका अनुसार दुई दिनदेखि उखरमाउलो गर्मी हुँदा सर्लाहीका स्थानीय हायलकायल बनेका छन्। यहाँ सोमबार बिहानसम्म बेला बेलामा वर्षा भई शीतल नै रहेकोमा दुई दिनदेखि भने उज्यालो हुँदादेखि नै रात नपरुन्जेलसम्म एकटन्कारले टन्टलापुर घाम लगेर अचाक्ली गर्मी हुँदा स्थानीय प्रभावित बनेका हुन्। लालबन्दी नगरपालिका–८ का स्थानीय सञ्जीव श्रेष्ठले दुई दिनदेखिको गर्मीका कारण सडक, बजार एकाएक सुनसान बनेको बताउनुभयो।

गर्मीका कारण विद्यालय जाने विद्यार्थी, खेतबारीको काम गर्नुपर्ने किसान र दैनिक मजदुरीमा निस्कनुपर्ने मजदुर बढी प्रभावित बनेका छन्। गर्मी छल्न मानिस चोक, चौतारामा सुस्ताएर बसिरहेको देखिन्छ। सदरमुकाम मलङ्गवा निवासी शिवचन्द्र चौधरीले उत्तरी भेगको तुलनामा दक्षिणी भेगमा अझ बढी गर्मी महसुस भइरहेको जानकारी दिनुभयो।

गर्मीका कारण पशुपन्छीको स्याहार तथा आहारा जुटाउन मुस्किल रहेको ईश्वरपुर नगरपालिका–८, रामपुरका किसान मोहनबहादुर केसीले बताउनुभयो। अत्यधिक गर्मीका कारण अधिकांश मानिसमा टाउको दुख्ने, चक्कर लाग्ने, शरीर आलस्य हुने, एलर्जी हुनेलगायतका स्वास्थ्य समस्या बढेको नगर अस्पताल लालबन्दीका प्रमुख एवं मेडिकल सुपरिन्टेन्डेन्ट डा. चन्दन चौधरीले बताउनुभयो। उहाँका अनुसार अहिले भाइरल ज्वरो र टाइफाइडको समस्या भएका बिरामी पनि धेरै आउने गरेका छन्।

**दैनिकी प्रभावित**

**–बाँकी अन्तिम पेजमा**

# ७ वर्षमा पनि निर्माण सम्पन्न हुन सकेन दुधमती खोलाको पुल



जनकपुरधाम, २८ साउन। भौगोलिक विकटता भएको स्थान त परै जावस्, सुगम ठाउँमै एउटा पक्की पुल निर्माणका लागि ठेक्का लागेको सात वर्षसम्म पनि अलपत्र अवस्थामा रहनु पूर्वाधार विकासका क्षेत्रमा विद्यमान बेथितिको चरम उदाहरण हो। मधेस प्रदेशको राजधानी जनकपुरमै रहेको दुधमती खोलाको पुल निर्माण थालेको सात वर्ष बित्दा समेत अधुरै छ।

जनकपुरधामसँग भारतको सीमावर्ती क्षेत्रहरू भिठ्ठामोड, मटिहानी तथा जटही नाका जोड्दै व्यापार, धार्मिक पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यका साथ ढल्केबर–जनकपुर–जटही ६ लेनको सडक निर्माण गरिएको छ। ६ लेनको सडक सञ्चालनमा आएको वर्षौंसम्म पनि दुधमती खोलको पुल भने निर्माण हुन सकेको छैन। जसले गर्दा जनकपुर–जटही ६ लेनको सडक निर्माण भए पनि दुधमतीमा पुल नबन्दा राज्य तथा जनताले अपेक्षित लाभ पाउन सकेका छैनन्।

स्थानीयबासीका अनुसार ४ वर्ष यता यो पुल निर्माणमा कुनै काम भएको छैन। फलामे डण्डीमा खिया लागेको छ भने चारैतिर उम्रिएको झारपातका कारण यो क्षेत्र खण्डहरमा परिणत भएको छ। पुल निर्माणका लागि राखिएको सामग्री जेसीबी, ट्र्याक्टर, १५/२० टन फलामे डण्डी कवाडीमा परिणत भएका छन्। पुल वरिपरि राखिएको सामग्री हेरविचार गर्न चौकीदार राखिएको छ। विगतमा पुल छेउमा डाइभर्सनबाट पैदलयात्रु, साइकल, मोटरसाइकल आवतजावत गरे पनि अहिले रोकिएको छ।

वर्षायाम सुरु भएसँगै २/३ हप्ता यता पुल वारपार गर्न बनाइएको डाइभर्सनमा पानीको सतह बढेपछि आवतजावत पूर्ण रूपमा बन्द भएको छ। सामान्य पैदल आवतजावत समेत ठप्प बनेपछि स्थानीयसँगै यात्रुहरू मारमा परेका छन्। पुल वारी र पारीको विद्यालय, क्याम्पस जानुपर्ने विद्यार्थीहरू सबैभन्दा बढी समस्यामा पर्ने गरेका छन्। 'पहिला डाईभर्सन थियो, पुलको साइडबाट जान मिल्थ्यो, तर पानीको सतह बढेपछि जान नमिल्ने भयो,' स्थानीय मुकेश कापरले गुनासो गर्दै भने, 'अहिले त निकै घुमेर क्याम्पस जानुपर्ने हुन्छ।'

यही सडकखण्डमा बर्होवाबाट जनकपुरको जिरोमाइल जान लागेका अब्दुल सदाम डाईभर्सनमा पानी जमेको देखेर मोटरसाइकल फर्काउने क्रममा लडे। मुख्य सडकको केही तल पुल रहेको र खाल्डाखुल्डी भएकाले सन्तुलन गुमाएर उनी लडे। उनीजस्तै दैनिक दर्जनौँ यात्रीले यही नियति झेल्नु परेको छ। लडेपछि आक्रोशित हुँदै अब्दुलले भने, 'यो देशमा ठेकदारले जे गर्दा पनि हुने भयो। आधा काम गऱ्यो, अनि भाग्यो। यस्तालाई सरकारले किन कारवाही नगरेको होला ? सडक हेर्नु त, कति राम्रो बनाइएको छ ! तर एउटा पुलका कारण सम्पूर्ण आवतजावत रोकिएको छ। जनकपुरको जिरोमाइल पुग्न घुमाउरो बाटो प्रयोग गर्दा थप ३/४ किलोमिटरको यात्रा तय गर्नुपर्ने भयो।'

यो पुल निर्माणको ठेक्का २०७६ साल जेठ २५ गत नागार्जुन हेम जेबीले सरकारबाट १३ करोड ९५ लाख ६४ हजार ३ सय ३८ रुपैयाँमा सकारेर निर्माण कार्य अगाडि बढाएको थियो। तोकिएको समयभित्र काम सम्पन्न नहुँदा सरकारले बारम्बार म्याद थप गर्दै २०८२ साल माघ १७ गतेभित्र सम्पन्न गर्ने समयसीमा दिएको थियो। त्यो समयभित्र पनि ठेकदारले निर्माण कार्य सम्पन्न नगर्दा सडक डिभिजन कार्यालयले २०८३ असार २६ गते सूचना प्रकाशन गर्दै ठेक्का सम्झौता रद्द गरेको थियो।

सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दारोगा प्रसादले ठेकदार कम्पनीको ठेक्का रद्द गर्दै रकम असुलीका लागि अदालत मुद्दा दायर गरेको बताए। उनले दुधमती खोलाको पुल पुनः निर्माणको ठेक्काका लागि इस्टीमेट लगायतका काम सम्पन्न गरेर फाइल माथि पठाइसकेको जानकारी दिए। आगामी असोजभित्र ठेक्का लाग्न सक्ने उनको भनाइ छ। उनले भने, 'पुलको अनुगमन निरीक्षण गरी लागत तयार गरेर माथि पठाएका छौं। मन्त्रालयले काम गर्दैछ। सायद असोजभित्र ठेक्का लाग्छ होला।'

धनुषामा यस्तै ठेक्का लिने तर तोकिएको समयभित्र काम सम्पन्न नगरी अलपत्र पारेको ६ वटा ठेकदार कम्पनीको ठेक्का रद्द गरिएको छ। जिल्लाको विभिन्न स्थानमा पुल निर्माणको ठेक्का पाएको नागार्जुन हेम जेबीको ३ वटा ठेक्का, सडक तथा पुल सुधारको ठेक्का पाएका स्काई कन्ट्रक्सन एण्ड सप्लायर्स, बाबा बुद्धेश्वरनाथ कन्ट्रक्सन कम्पनी र चुरे कन्ट्रक्सन एण्ड सप्लायर्सको सम्झौता रद्द गरेको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार यी सबैको पुनः निर्माणको ठेक्काको प्रक्रिया असोजभित्र पूरा गर्ने योजना छ।

स्थानीयबासीहरूले अहिले नयाँ सरकार आएकाले विगतमा जस्तो हुने लापरवाही केही हदसम्म कम हुने विश्वास गरेका छन्। सरकारको सय बुँदे कार्यसूचीमा पनि विकास निर्माणको काममा तीव्रता दिने र लापरवाही गर्नेलाई कडा दण्ड दिने प्रावधान ल्याउने भनिएका कारण अब हुने ठेक्का प्रक्रिया समयमा सम्पन्न हुनेमा आशावादी रहेको उनीहरू बताउँछन्।

# खेत सिंचाई गर्नेक्रममा करेन्ट लागेर युवकको मृत्यु

जनकपुरधाम, २८ साउन। धनुषामा खेतमा पानी पटाउने क्रममा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। खेतमा विद्युतिय मोटरबाट पानी पटाउने क्रममा करेन्ट लागेर नगराइन नगरपालिका ८ खिरखिरियामा स्थानीय २५ वर्षीय सितेशकुमार दासको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी डीएसपी मधुसुदन न्यौपानेका अनुसार घटना अपरान्ह भएको हो। सोही समयमा खेतमा मोटरबाट पानी सिंचाई गर्ने क्रममा अचानक करेन्ट लागेर बेहोस भएका थिए। उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुर्याएपनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

# जापानिज इन्सेफ्लाइटिसबाट पाँचको मृत्यु

काठमाडौँ, २८ साउन। जापानिज इन्सेफ्लाइटिस (जेई) सङ्क्रमणबाट झापामा पछिल्लो चार महिनामा पाँच जनाको मृत्यु भएको छ। जिल्लामा हालसम्म नौ जनामा जेई सङ्क्रमण पुष्टि भएकोमा पाँच जनाको मृत्यु भएको हो। मृत्यु हुनेमा तीन पुरुष र दुई महिला छन्। सङ्क्रमितमा मेचीनगरका तीन, हल्दिबारीका एक, बाह्रदशीका एक, कचनकवलका एक, बिर्तामोडका दुई र अर्जुनधाराका एकजना छन्।

स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले सङ्क्रमित अधिकांश ५० वर्षभन्दा माथिका रहेको बताए। जापानिज इन्सेफ्लाइटिस क्युलेक्स जातको सङ्क्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरसजन्य रोग हो। सङ्क्रमण भएपछि भाइरसले मस्तिष्कमा असर गर्छ।

सुँगुर र हाँस जेई भाइरसका मुख्य स्रोत मानिन्छन्। सुँगुर पाल्ने व्यक्ति तथा धानखेत र पानी जम्ने क्षेत्र आसपास बसोबास गर्नेहरू सङ्क्रमणको उच्च जोखिममा रहने गर्छन्। स्वास्थ्य कार्यालय झापाका खोप अधिकृत राजकुमार पोखरेलले जेईबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिन तथा सरकारले सञ्चालन गर्ने नियमित खोप कार्यक्रममा सहभागी भएर जेईविरुद्धको खोप लगाउन आग्रह गरे।

# मधेस प्रदेशमा रगतको अभाव

जनकपुरधाम, २८ साउन। रक्तदान गरेपछि कमजोर भइन्छ भन्ने नकारात्मक सोचका कारण मधेस प्रदेशमा रगतको अभाव देखिन थालेको छ। मधेस प्रदेशमा रगतको अभाव देखिएपछि आज जनकपुरधाममा रक्तदान कार्यक्रम आयोजना गरिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुरधाम, उपमहानगरपालिका वडा नं १७ ले आज रक्तसञ्चार केन्द्रको समन्वयमा खुला रक्तदान कार्यक्रमको आयोजन गरेको हो।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर आयोजना गरिएको उक्त खुला रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गर्नुभएको छ। रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरोस् भने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको हो। रास्वपा मधेस प्रदेश संगठन विभाग उपप्रमुख अम्बुप्रसाद साहले संकलन भएको रगत मधेस प्रदेश रक्तसञ्चार केन्द्रमा बुझाइने बताए। नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष पंकज महतोले एक सातादेखि रक्तसञ्चार केन्द्रमा रगतको अभाव देखिएको जानकारी दिए।

"रक्तसञ्चार केन्द्रमा एक/दुई पोका मात्र रगत छ, तर दैनिक ४०/५० जना बिरामी रगतका लागि आउने गरेका छन", अध्यक्ष महतोले भने, "बिरामीहरु जसरी पनि दिनुपऱ्यो भन्दै आउँछन्, तर रगत नभएपछि समस्या भइरहेको छ।" रक्तदाताको अभाव भएपछि मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामअन्तर्गतको प्रदेश रक्तसञ्चार केन्दमा पनि रगतको अभाव हुन थालेको छ। मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका निर्देशक डा. नागेन्द्र यादवका अनुसार प्रदेश रक्तसञ्चारमा हाल जम्मा ३० पोका रगत रहेको बताए।

# ग्यास अभाव बढ्दा बर्दिबासका होटल व्यवसायी समस्यामा

**रवीन्द्र उप्रेती**

बर्दिबास, २८ साउन। बर्दिबासमा खाना पकाउने एलपी ग्यासको अभाव बढ्दै जाँदा होटल व्यवसाय प्रभावित हुन थालेको छ। एकातिर ग्यास डिलरले जति वितरण गरे पनि माग थेग्न नसक्ने अवस्था रहेको बताउँदै आएका छन् भने अर्कोतिर समयमा र आवश्यकताअनुसार ग्यास नपाउँदा व्यवसाय समस्यामा परेको होटल व्यवसायीको गुनासो छ। होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अनुसार बर्दिबास उद्योग वाणिज्य संघमा साना–ठुला गरी करिब २६० होटल दर्ता छन्। ती होटलका लागि दैनिक १०० भन्दा बढी सिलिन्डर ग्यास आवश्यक पर्छ। मागअनुसार आपूर्ति हुन नसक्दा समस्या बढेको होटल व्यवसायीको भनाइ छ।

संघका अध्यक्ष गुञ्ज कार्की ( गोपाल) का अनुसार ग्यास खपतका दृष्टिले बर्दिबासमा तीन वर्गका होटल छन्। पहिलो वर्गका १० वटा होटललाई दैनिक ५० सिलिन्डर ग्यास आवश्यक पर्छ। दोस्रो वर्गका २० वटा होटललाई दैनिक २० सिलिन्डर र बाँकी होटललाई सातामा १२० सिलिन्डरभन्दा बढी ग्यास आवश्यक पर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "बर्दिबासमा मात्रै होटल व्यवसाय सञ्चालन गर्न सातामा औसत ७०० सिलिन्डर ग्यास आवश्यक पर्छ। खोजेको बेला नपाउँदा होटल व्यवसायीले अनावश्यक हैरानी खेप्नु परेको छ।"

बर्दिबास–३ गौरीडाँडास्थित खुकुरी होटलका सञ्चालक विनोद थापाले विभिन्न समस्या झेल्दै आएको होटल व्यवसायमा पछिल्लो समय ग्यास अभावले थप समस्या सिर्जना गरेको बताउनुभयो। दैवीप्रकोप, आन्दोलन, बन्द–हडताल र बढ्दो महँगीका कारण समस्यामा परेको व्यवसायमा ग्यास अभावले थप मार परेको उहाँको भनाइ छ। थापाले भन्नुभयो, "मेरो होटलमा दैनिक एकदेखि डेढ सिलिन्डर आवश्यक पर्छ। छिटो भनेको तीन दिनमा एउटा सिलिन्डर दिन्छन्। हामीले गरिखाने कि होटल चलाउने, समय र श्रम ग्यासकै लागि खर्च गर्ने ?"

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरेले ग्यास अभाव समयसँगै समाधान हुनुको साटो झन् बढ्दै जानुको कारण खोज्नुपर्ने बताउनुभयो। साउन महिना र वर्षाको मौसम भएकाले होटल व्यवसायका लागि अहिले अफ सिजन भए पनि यही समयमा इन्धनको अभाव हुनु चिन्ताजनक भएको उहाँको भनाइ छ। घिमिरेले भन्नुभयो, "अहिलेसम्म चुल्हो नै बन्द हुने अवस्था त छैन। तर होटल व्यवसायी भने सन्त्रासमा छन्। यो अभाव लम्बिँदै गयो भने ग्यासको विकल्पमा के गर्ने भन्ने स्पष्ट छैन।"

विद्युतीय चुल्हो प्रयोग गर्ने विकल्प पनि तत्काल सहज नभएको व्यवसायीको भनाइ छ। बर्दिबास वितरण केन्द्रको अनियमित विद्युत् सेवा, भोल्टेजको समस्या तथा अघोषित लोडसेडिङलगायतका कारण विद्युतीय उपकरणमा निर्भर हुन सक्ने अवस्था नरहेको होटल व्यवसायीले बताएका छन्। यता, बर्दिबासका ग्यास डिलरले भने होटल व्यवसायीलाई नियतवश ग्यास नरोकेको स्पष्ट पारेका छन्। बढ्दो माग र आपूर्तिबीच सन्तुलन नमिल्दा आफूहरू पनि समस्यामा परेको उनीहरूको भनाइ छ।

बर्दिबासस्थित सुपर ग्यासका डिलर रोशन श्रेष्ठ र नेपाल ग्यासका डिलर विनोद बस्नेतले आफूहरूले कुनै पक्षपात नगरी बुकिङअनुसार पालैपालो ग्यास वितरण गर्ने भएकाले माग गरेलगत्तै नपाइनु स्वाभाविक भएको बताउनुभयो। बस्नेतले भन्नुभयो, "ग्यासको माग सुरसाको मुखझैँ बढ्दै गएको छ। जति वितरण गरे पनि लाइन उत्तिकै छ। हिजो (बुधबार) मात्र मेरो डिपोमा २०० जनाले बुकिङ गराइसकेका छन्। ग्यास कहिले आउने हो ठेगान छैन। जति आउँछ, एकैछिनमा सकिन्छ।"

## *मनसुनमा पनि...*

राजविराज समाचारदाता धीरेन्द्रप्रसाद साहका अनुसार सप्तरीमा केही दिनयता तापक्रम बढेसँगै सर्वसाधारणको दैनिकी प्रभावित भएको हो। बिहानैदेखि चर्को घाम लाग्ने र साँझसम्म गर्मी कम नहुने भएपछि सप्तरी जिल्लामा सर्वसाधारणलाई घरबाहिर निस्कनसमेत समस्या भएको छ। घरभित्रै बस्दा पनि पसिना आउने तथा बाहिर निस्कँदा तातो हावा र घामको राप सहन कठिन भएको स्थानीय भोला यादवले बताउनुभयो। राजविराज–९ का लक्ष्मण रामले गर्मीका कारण पङ्खामुनि बस्दासमेत शीतलता महसुस हुन नसकेको बताउनुभयो। चर्को घामका कारण दिउँसो अत्यावश्यक कामबाहेक सर्वसाधारण घरबाट बाहिर निस्कन छाडेका छन्। घाममा लामो समय हिँड्दा लु लाग्ने जोखिम बढेकाले विशेष गरी बालबालिका, वृद्धवृद्धा र मजदुरी गर्नेबढी प्रभावित भएका छन्। गर्मीको प्रत्यक्ष असर व्यापार व्यवसायमा समेत परेकोछ। राजविराज नगरपालिकासहित कञ्चनपुर, कल्याणपुर, बोदेबरसाइन, हनुमाननगर, भारदह, महुली, रूपनी, कठौना र पातोलगायतका बजारमा दिउँसो सर्वसाधारणको चहलपहल घटेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)